# बित्थडचिर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः १ मितिः२०८०।०६।१९

**भाग-२**

## बित्थडचिर गाउँपालिका

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०६ ।१९
प्रमाणीकरण मितिः २०८०।०६ ।२०
राजपत्रमा प्रकाशित मितिः २०८०।०६ ।२१

## बित्थडचिर गाउँपालिका स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि,-२०८०

### प्रस्तावना:

बित्थडचिर गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई व्यवस्थित गरी सामुदायिक विद्यालयहरु माथिको विश्वासलाई भरपर्दो बनाउन र गुणस्तरीय शिक्षाको लागि विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न सम्बन्धित निकायबाट स्वीकृति तथा अनुमति प्राप्त स्थानीय आवश्यकता र मागको आधारमा सञ्चालनरत विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न नेपालको संविधान-२०७२, अनुसूचि-८ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४,तथा बित्थडचिर गाउँपालिका स्थानीय शिक्षा ऐन २०७९ ले दिएको अधिकार प्रयोग गरी बित्थडचिर गाउँ कार्यपालिकाले करारमा स्वयमसेवक शिक्षक व्यवस्थापन कार्यविधी, २०८० बनाई जारी गरेको छ ।

### परिच्छेद -१
### संक्षिप्त नाम र परिभाषा

१.संक्षिप्त नाम र प्रारम्भ :

(१) यस मापदण्डको नाम “बित्थडचिर गाउँपालिका स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि बित्थडचिर गाउँपालिका भित्रका अनुमति तथा स्वीकृत प्राप्त सामुदायिक विद्यालयमा लागु हुनेछ ।

(३) यो मापदण्ड तथा कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) “गाउँपालिका” भन्नाले बित्थडचिर गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) “कार्यविधि” भन्नाले **बित्थडचिर गाउँपालिका स्वयमंसेवक शिक्षक व्यवस्थापन कार्यविधी,** २०८० लाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले बित्थडचिर गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "शिक्षक दरबन्दी" भन्नाले बित्थडचिर गाउँपालिका भित्रका हाल मौज्दात शिक्षक दरबन्दिलाई सम्झनु पर्छ ।

(ङ) "शिक्षक" भन्नाले बित्थडचिर गाउँपालिका भित्र कार्यरत सम्पूर्ण स्थायी, अस्थायी, राहत र करार शिक्षकलाई सम्झनु पर्छ ।

(च) "स्वयंसेवक शिक्षक" भन्नाले बित्थडचिर गाउँपालिका भित्रका अनुमति वा स्विकृती प्राप्त सामुदायिक विद्यालयहरुमा तोकिएको विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी अभाव भई गाउँ कार्यपालिकाले यस कार्यविधिमा उल्लेखित शिक्षक विद्यार्थी अनुपात बमोजिम पठनपाठनमा सहजीकरणका लागि विद्यालयमा खटाइएका स्वयंसेवक शिक्षकहरुलाई सम्झनुपर्छ ।

(छ) "शिक्षक छनौट समिति" भन्नाले यस कार्यविधि बमोजिम स्वयंसेवक शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस मापदण्डको परिच्छेद ३, नियम ४(१) मा उल्लेखित समितिलाई सम्झनुपर्छ ।

(ज) "अध्यक्ष" भन्नाले बित्थडचिर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बित्थडचिर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेदकुद शाखा प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको शिक्षा सेवा, अधिकृतस्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

(ट) "शिक्षा शाखा" भन्नाले बित्थडचिर गाउपालिका शिक्षा, युवा तथा  खेलकुद शाखा सम्झनुपर्छ ।

(ठ) "विषय विशेषज्ञ" भन्नाले सम्बन्धित विषयमा स्नातकोत्तर वा स्नातक तह उत्तीर्ण गरेका स्थायी/अस्थायी पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(ड) " भत्ता " भन्नाले यस मापदण्डको परिच्छेद-५, नियम -१२, अनुसार स्वयंसेवक शिक्षकलाई दिइने निर्वाह भत्ता सम्झनु पर्छ ।

## परिच्छेद -२
## स्वयंसेवक शिक्षक दरबन्दी

३. बित्थडचिर  गाँउपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा गाउँपालिका स्वयंसेवक शिक्षक भर्नाका लागि प्रतिकक्षा तपसिल बमोजिमको शिक्षक विद्यार्थी अनुपात हुनुपर्ने छ ।

| | |
|---|---|
| (अ) आधारभुत तह (कक्षा १—५) | ४० जना विद्यार्थी बराबर १ जना शिक्षक |
| (आ) आधारभुत तह (कक्षा ६ —८) | ४० जना विद्यार्थी बराबर १ जना शिक्षक |
| (इ) माध्यमिक तह (९-१०) | कम्तिमा ४० जना विद्यार्थी बराबर १ जना शिक्षक |

पूनश्चः माथि उल्लिखित अनुपात बमोजिम सामुदायिक विद्यालयमा नेपाल सरकारको कुनै पनि किसिमको शिक्षक दरबन्दी (स्थायी, राहत, अनुदान, अस्थायी) प्राप्त नगरेको तथा माथि उल्लिखित विद्यार्थी संख्याको आधारमा शिक्षक अपुग भएका विद्यालयको हकमा मात्र लागु हुने छ र नेपाल सरकारबाट वा अन्य स्रोतबाट कुनै प्रकारको दरबन्दी प्राप्त हुना साथ वा विद्यार्थी संख्या कार्यविधिमा तोकिएको मापदण्ड भन्दा न्यून भएको वा आवश्यकता भन्दा बढी भएको खण्डमा गाउँ शिक्षा समितिको निर्णय अनुसार स्वयंसेवक शिक्षक दरवन्दी फिर्ता गरिनेछ । स्वयंमसेवक शिक्षक फिर्ता गरे पश्चात अर्को शैक्षिक सत्रमा विद्यार्थी संख्या बढ्न गइ पठनपाठनका लागि शिक्षक आवश्यक देखिएमा गाउँपालिकाले कार्यविधि बमोजिम पुनः स्वयंसेवक शिक्षक खटाउन सक्नेछ।

४. स्वयंसेवक शिक्षक छनौट समितिः

क. यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयमा स्वयमं सेवक शिक्षक छनौट/व्यवस्थानका लागि शिक्षा ऐन, २०२८ एवं शिक्षा नियमावली २०५९ मा करार शिक्षक छनौट समिति सम्बन्धी  व्यवस्था भए अनुसारको

समिति रहनेछ।

ख. नियम (३) अनुसार विद्यार्थी अनुपात कायम भइ कुनै विद्यालयमा स्वयंसेवक शिक्षक व्यवस्थापन गर्नु पर्ने अवस्था सिर्जना भएमा विद्यालयले बित्थडचिर गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको विद्यार्थी संख्या अनुसार अपुग शिक्षक मागको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित निवेदन दिनु पर्ने छ। विद्यालयको माग अनुसार दर्ता भएका निवेदनहरु माथि गाउँ कार्यपालिकामा छलफल गरी आवश्यक ठहरिएमा यस कार्यविधिको नियम (५) बमोजिम स्वयंसेवक शिक्षक भर्नाको लागि गाउँपालिकाले विद्यालयलाई विज्ञापन गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

ग. गाउँपालिका स्वयंसेवक शिक्षक भर्नाको लागि खोलिएको विज्ञापनमा शिक्षक सेवा आयोगबाट सम्बन्धित तह र विषयको लागि प्रकाशन गरिएको करारसूचिमा छनौट भएको उम्मेदवारको दरखास्त परेमा उक्त उम्मेदवारलाई विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार स्वतः नियुक्ति गर्नु पर्नेछ। एकभन्दा बढी करारसूचिमा परेका व्यक्तिको दरखास्त पर्न गएमा योग्यताक्रम अनुसार माथिल्लो क्रममा रहेको उम्मेदवार नियुक्त हुनेछ ।करार योग्यता क्रम आधारभूत तह कक्षा १-५ को हकमा बझाङ जिल्ला, कक्षा ६-८ र माध्यमिक तहको हकमा सुदूरपश्चिम प्रदेशकोलागि सूचिकृत लिस्ट मान्य हुनेछ ।

## ५. काम, कर्तव्य र अधिकार

**१) स्वयंसेवक शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

**क)** बित्थडचिर गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत स्वयंसेवक शिक्षक दरवन्दी संख्याको अधीनमा रही खुला प्रतिस्पर्धात्मक परीक्षाबाट स्वयंसेवक शिक्षक करारमा नियुक्ति गर्न विद्यालय समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्न,

**ख)** परीक्षा सञ्चालनका लागि आवश्यक सूचना तथा विज्ञापन टाँस, प्रकाशन गर्ने, प्रश्न-पत्रको निर्माण गर्ने, प्रश्न पत्रको गोपनियता कायम गर्ने, लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा संचालन गर्ने, प्रश्नपत्र जाचँ गर्ने अन्तिम नतिजा प्रकाशित गर्ने,

**ग)** परीक्षाको लागि तह अनुसारको पाठ्यक्रम निर्धारण गर्ने,

**घ)** परीक्षा सञ्चालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने,

**ङ)** परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एंव त्रुटि रहित तुल्याउन आवश्यक कार्यहरु गर्ने,

**च)** बित्थडचिर गाउँ कार्यपालिकासँग परीक्षा सञ्चालनको सम्वन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने,

**छ)** परीक्षा सञ्चालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने र गराउने ।

**२)** समितिको वैठक सम्वन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**३)** स्वयंसेवक शिक्षक छनौटका लागि विषय विज्ञ तोक्दा गाउँ पालिकामा नियमानुसार दर्ता भएका विषयविज्ञहरुको सूचिबाट शिक्षक छनौट समिति अध्यक्ष, शिक्षा शाखा अधिकृत वा प्रतिनिधि र समिति सदस्य सचिवको उपस्थितिमा गोलाप्रथा मार्फत विज्ञ छनौट गर्नु पर्ने छ। यदि कुनै विषयको विज्ञ पालिकामा सूचिकृत नभएको हकमा छिमेकी पालिका वा जिल्ला स्थिति विषयविज्ञ सूचिमा सूचिकृत मध्येबाट छनौट गर्न सकिनेछ ।

## परिच्छेद- चार
## स्वयंसेवक शिक्षक नियुक्ति सम्वन्धि व्यवस्था

**६. प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्नेः** नियम ४(क) बमोजिम गठित शिक्षक छनौट समितिले कम्तिमा १५ दिनको

सार्वजनिक सूचना प्रकाशन गर्नुका साथै वडा कार्यालय र गाउँपालिकामा सूचना टाँस गरी सोको प्रमाणित प्रतिलिपि सुरक्षित राख्नु पर्ने छ। यस्तो सूचना विद्यालयको वेभसाइड,सूचना पाटी तथा समाजिक सञ्जालमा समेत राख्नु पर्नेछ ।

७. **दरखास्त बुझाउनु पर्ने:** प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले स्वयंसेवक शिक्षक छनौट समितिबाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधि भित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

८. स्वयंसेवक शिक्षक भर्ना गर्दा माध्यमिक तहको लागि विज्ञापन दस्तुर वापत रु.१००० (एक हजार मात्र), आधारभूत तह कक्षा ६-८ को लागि रु ७०० (सात सयमात्र) आधारभूत तह कक्षा १-५ र बालकक्षा सहजकर्ता भर्नाको लागि रु ५०० (पाँच सय) परीक्षा दस्तुर लाग्ने छ।

९. **योग्यता सम्बन्धि व्यवस्थाः** स्वयमंसेवक शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ ।

**(क)** माध्यमिक तह (९–१०) सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको

**(ख)** आधारभूत तह (६– ८) सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको

**(ग)** आधारभूत तह (१–५) प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको

**(घ)** बालकक्षा सहजकर्ताको लागि न्यूनतम् एस.एल.सी उत्तीर्ण भएको।

**(ङ)** सम्बन्धित तहको अध्यापन अनुमतिपत्र भएको ।

**(च)** नेपाली नागरिक।

**(छ)** १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।

**(ज)** कुनै फौजदारी अभियोग सरकारी रोजगारीको लागि अयोग्य नठहरिएको ।

१०. पाठ्यक्रम, परीक्षा प्रणाली ,मुल्याङ्कन र छनौट प्रक्रिया:

**क)** बित्थडचिर गाउँपालिका स्वयंसेवक शिक्षकको लागि लिईने परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली, मुल्याङ्कन र छनौट प्रक्रिया शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित);२०५७ अनुसार हुनेछ।

**ख)** लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई शिक्षक छनौट समितिको सिफारिसमा विद्यालयले नियुक्ति दिनेछ । प्रारम्भिक परीक्षाको उत्तीर्णाङ्क ५०% रहने छ ।प्रारम्भिकमा उत्तीर्ण परीक्षार्थीलाई मात्र दोस्रो चरणमा हुने लिखित परीक्षामा सहभागी गराइने छ ।प्रथमचरणको परीक्षाको ५०% प्राप्ताङ्क दोस्रो चरणको परीक्षाको प्राप्ताङ्कमा जोडी उच्च अङ्क प्राप्त गर्ने परीक्षार्थीहरुबाट क्रमशः आवश्यक स्वीकृत स्वयंसेवक कोटाको नियमानुसार हुन आउने संख्या अन्तरवार्ताको लागि छनौट सूचि प्रकाशन गरिनेछ ।

**ग)** परीक्षाको स्वरुप देहाय बमोजिम हुनेछः

| परीक्षाको किसिम | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|
| क.पहिलो चरण: प्रारम्भिक परीक्षा | १०० अङ्क | ५० |
| ख.दोस्रो चरण: लिखित परीक्षा | १०० अङ्क | ४० |
| ग. मौखिक | २५ अंक | १० |
| १. शैक्षिक योग्यता वापत | प्रथम, द्धितीय र तृतीय श्रेणी आधारमा क्रमश: ३, २ र १<br>तोकिएको शैक्षिक योग्यताभन्दा माथिल्लो तह भए प्रथम श्रेणी भए २ र द्वतीय श्रेणी भए १ | |

| | | |
|---|---|---|
| | | |
| २.अन्तरवार्ता वापत | १२ | |
| ३. न्युनतम भन्दा माथिल्लो योग्यता | प्रथम, द्वितीय र तृतीय श्रेणी आधारमा क्रमश: ३, २ र १ | |
| (ग) कक्षा अवलोकन/प्रयोगात्मक परीक्षा वापत | २५ अंक (विषयको प्रकृति हेरी स्वयंसेवक छनौट समितिले आवश्यकता ठानेमा प्रयोगात्मक परीक्षा लिन सक्ने छ ।) | |

## परिच्छेद-पाँच
## भत्ता र बिदा सम्वन्धि व्यवस्था

**११.स्वयम् सेवक शिक्षक निर्वाह भत्ता सम्बन्धि व्यवस्थाः**

१. यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरुमा खटिने स्वयंसेवक शिक्षकहरुको लागि आ.व.२०८०।०८१ श्रावणदेखि आ.व २०८०।०८१ को हिउँदे अधिवेशन सम्म खाइपाइ आएको बालकक्षा रु ८०००/- आधारभूत तह कक्षा १-५ रु.१२०००/- आधारभूत तह कक्षा ६-८ रु १४०००/- माध्यमिक तह रु.१७०००/- का दरले र हिउँदे अधिवेशन पश्चात देहाय बमोजिम विद्यालयको खाता मार्फत तहगत रुपमा निर्वाहभत्ता उपलब्ध गरिनेछ।

(क) मा.वि तह –१८०००/-

(ख) आधारभूत तह (६–८) –१६०००/-

(ग) आधारभूत तह (१–५) –१५०००/-

(घ) बालकक्षा– - १००००/-

२. स्वयंसेवक शिक्षकलाई यसरी भत्ता उपलब्ध गराउँदा मासिक नियम (११) को उपनियम (१) क, ख, ग, घ मा तोकिए अनुसार १२ महिना र चाडपर्व खर्च विद्यालयको खातामार्फत उपलब्ध गराइनेछ ।

३. स्वयंसेवक शिक्षकलाई पोषाक खर्च वापत वर्षको एक पटक रु. ७००० को दरले उपलब्ध गराइनेछ ।

**१२.बिदा तथा अन्य सुविधा सम्बन्धि व्यवस्था:**

क) भैपरी आउने बिदा ६ दिन

ख) पर्व विदा ६ दिन

ग) विरामी बिदा वर्षमा १२ दिन । उल्लेखित बिदाहरु संचित हुने छैनन् ।

घ) बिदा स्वयंसेवक शिक्षकको अधिकार नभइ सहुलियत मात्र हुने छ ।

**१३.सजाय अथवा स्वयंसेवक शिक्षक पदबाट हटाउन सकिने सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम नियुक्त स्वयंसेवक शिक्षकले पदीय मर्यादा विपरित देहायको व्यवहार देखाएमा पदबाट हटाउन सकिनेछः

(क) जाँड रक्सी सेवन गरी बारम्बार विद्यालय प्रवेश गरी विद्यालयको वातावरण धमिल्याउने कार्य गरेमा।

(ख) बारम्बार अनुशासनहीन कार्य गरेमा ।

(ग) कुनै जानकारी बिना लगातार १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा ।

(घ) कानूनले बन्देज गरेका कार्यमा संलग्न भएमा ।

(ङ) कुनै अभियोगमा अदालतमा निज विरुद्ध मुद्दा दायर भएमा।

**१४.सम्मान तथा पुरस्कार सम्बन्धी व्यवस्थाः**

(क) यस गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा यस कार्यविधि बमोजिम नियुक्त भइ खटिएका

स्वयंसेवक शिक्षकहरुको वार्षिक कार्यसम्पादन मूल्याङ्न गरि उत्कृष्ट अंक ल्याउने बालकक्षा, आधारभूत तह कक्षा १-५ र कक्षा ६-८ तथा माध्यमिक तहका एक एक जनालाई राष्ट्रिय शिक्षा दिवस वा अन्य कुनै अवसरमा प्रमाण-पत्र सहित विशेष सम्मान गर्न सकिनेछ।

(ख) **करार म्यादथप सम्बन्धमाः** यस कार्यविधि बमोजिम नियुक्त भएका बित्थडचिर गाउँपालिका स्वयंसेवक शिक्षकको करार अवधि निजको कार्यसम्पादन सन्तोष जनक देखिएमा ६/६ महिनामा विद्यालय व्यवस्थापन समितिको निर्णय गरी प्रधानाध्यापले करार म्याद थप गर्नेछ ।सो को अभिलेख प्रधानाध्यापकले विद्यालयमा सुरक्षित राखु पर्नेछ । निजको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा वा यस कार्यविधिको नियम १३ बमोजिमका गतिविधि बारम्बार दोहोर्याएमा विद्यालयले/गाउँपालिकाले जुनसुकै बेला करार सम्झौता रद्द गरी पदबाट हटाउन सक्नेछ ।

## परिच्छेद– छ
## विविध

१५.**थपघट, व्याख्या वा हेरफेरः** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा, अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन वा हेरफेर गर्न सक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा बित्थडचिर गाउँपालिकाको शिक्षा ऐन २०७९, गाउँ शिक्षा समिति एवं सामाजिक विकास समितिको निर्णय, शिक्षक सेवा आयोग नियमावली, २०५७ र अन्य प्रचलित ऐन तथा कानूनमा भएको व्यवस्था अनुसार हुनेछ ।

१६.**खारेजी र बचाउ** ः

१) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन, कानूनसँग बाँझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

२) तर यस कार्यविधिको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।